**प्रस्तावहरुः**

२०८२/०८३-१२।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा ।
२०८२/०८३-१२।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।
२०८२/०८३-१२।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।
२०८२/०८३-१२।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधि/कर्मचारीहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।
२०८२/०८३-१२।०५ रूपा गाउँपालिका कास्कीको प्रशासकीय भवनको VO (Variation Order) सम्बन्धमा ।
२०८२/०८३-१२।०६ प्रशासकीय भवनको (Interior and Landscape Design) DER सम्बन्धमा।
२०८२/०८३-१२।०७ रूपा गाउँपालिका कास्कीको प्रशासकीय भवनको उद्घाटन सम्बन्धमा।
२०८२/०८३-१२।०८ सार्वजनिक सुनुवाइ सम्बन्धमा।
२०८२/०८३-१२।०९ बा १ झ ५८६८ नम्बरको सवारी साधनको दर्ता खारेजी सम्बन्धमा ।
२०८२/०८३-१२।१० विपद् व्यवस्थापन समितिको बैठकका निर्णयहरू अनुमोदन सम्बन्धमा ।
२०८२/०८३-१२।११ विविध सम्बन्धमा ।

- स्रोत सुनिश्चितता/खर्च अनुमोदन/भुक्तानी सम्बन्धमा ।
- २ नं को वडा कार्यालय व्यवस्थापन सम्बन्धमा।
- सम्झौताको अधिकार प्रत्यायोजन सम्बन्धमा ।
- १ नं वडा कार्यालय व्यवस्थापन सम्बन्धमा ।
- म्याद थप सम्बन्धमा ।

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८२/०८३-१२।०१**

प्रस्ताव नं २०८२/०८३-१२।०१ उपर छलफल गर्दा १७९औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल गरी समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१२।०२**

प्रस्ताव नं २०८२/०८३-१२।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउदै आएको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाह प्रणालीलाई थप परिष्कृत गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१२।०३**

प्रस्ताव नं २०८२/०८३-१२।०३ उपर छलफल गर्दा सम्बन्धित संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१२।०४**

प्रस्ताव नं २०८२/०८३-१२।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१२।०५**

प्रस्ताव नं २०८२/०८३-१२।०५ उपर छलफल गर्दा रूपा गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य (Construction of Administrative Building of Rupa Rural Municipality) को ठेक्का सम्झौता मिति २०८२/०१/३१ मा सम्पन्न भई सम्झौताअनुसार २०८३/०१/३० सम्म कार्य सम्पन्न गर्ने व्यवस्था रहेकोमा, निर्माण व्यवसायी RIPL-MCPL JOINT VENTURE द्वारा मिति २०८३/०१/११ गते (यस गाउँपालिकामा दर्ता भएको मिति २०८३/०१/११ गते) पेश गरेको पत्रानुसार तथा निर्माण प्रगतिको समीक्षा गर्दा स्वीकृत डिजाइन तथा Scope of Contract (3-Storey RC Frame Structure within Excavated Hill Slope) बमोजिमका कार्यहरू सम्पन्न हुँदा कुल ठेक्का रकमको करिब ८८ प्रतिशत मात्र वित्तीय प्रगति हुने अवस्था जानकारी भएको छ। साथै, प्राविधिक परीक्षण तथा निर्माण प्रगतिको समीक्षा गर्दा स्वीकृत डिजाइन तथा Bill of Quantities (BOQ) बमोजिमका कार्यहरू सम्पन्न हुँदा समेत कुल ठेक्का रकमको करिब ८८ प्रतिशत मात्र वित्तीय प्रगति हुने अवस्था देखिएको छ।

साथै, उक्त प्रशासनिक भवन निर्माण आयोजना **संघीय सरकारको स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम** अन्तर्गत प्राप्त वित्तीय सहयोगबाट सञ्चालन भइरहेको हुँदा हाल बाँकी रहेको करिब **१२ प्रतिशत ठेक्का रकम संघीय सरकारमा फिर्ता पठाउनुपर्ने अवस्था सिर्जना भएमा**, प्रशासनिक भवन परिसरको पूर्ण सञ्चालनका लागि अपरिहार्य रहेका प्रवेशद्वार, कम्पाउण्ड/सीमा पर्खाल, क्यान्टिन, आन्तरिक पहुँच मार्ग, नाली, परिसर व्यवस्थापन, ल्यान्डस्केपिङ लगायतका सहायक पूर्वाधार निर्माण कार्य आगामी आर्थिक वर्षमा गाउँपालिकाले आफ्नै स्रोतबाट गर्नुपर्ने भई गाउँपालिकामा थप आर्थिक भार पर्ने अवस्था देखिन्छ। साथै, भवनलाई पूर्ण रूपमा सुरक्षित, व्यवस्थित तथा सञ्चालनयोग्य बनाउन यी संरचनाहरू अत्यावश्यक रहेकोले उपलब्ध बजेटको प्रभावकारी तथा मितव्ययी उपयोग गर्नु सार्वजनिक हितमा समेत उपयुक्त देखिएको छ।

तसर्थ, प्रचलित **सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४**, ठेक्का सम्झौताका शर्तहरू तथा सम्बन्धित कानुनी व्यवस्थाको अधीनमा रही, **उक्त प्रशासनिक भवनको कार्यात्मक सञ्चालन, सुरक्षा तथा परिसर व्यवस्थापनसँग प्रत्यक्ष रूपमा सम्बन्धित र अविभाज्य (Integral) रहेका कार्यहरू** जस्तै **मुख्य प्रवेशद्वार (Entrance Gate), कम्पाउण्ड/सीमा पर्खाल (Boundary Wall),**

**क्यान्टिन भवन (Canteen), आन्तरिक पहुँच मार्ग, नाली, परिसर व्यवस्थापन, ल्यान्डस्केपिङ तथा अन्य आवश्यक सहायक पूर्वाधार निर्माण कार्यहरू** थप गर्दा **सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५३** अनुरूप आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन नहुने देखिएकाले उपलब्ध बाँकी ठेक्का रकमको सीमाभित्र रही **Additional Scope of Work (Variation)** का रूपमा समावेश गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

साथै, उपर्युक्त थप कार्यहरू सम्पन्न गर्न आवश्यक समय उपलब्ध गराउन उक्त ठेक्काको म्याद **२०८३/०१/३० बाट थप गरी २०८३/०७/३० सम्म** कायम गर्ने तथा यस सम्बन्धमा आवश्यक प्राविधिक प्रतिवेदन, लागत अनुमान, डिजाइन, स्वीकृति, सम्झौता संशोधन (Contract Amendment) लगायतका सम्पूर्ण कानुनी एवं प्रशासनिक प्रक्रिया पूरा गरी कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक कार्यवाही अगाडि बढाउने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-१२।०६</u>**

प्रस्ताव नं २०८२/०८३-१२।०६ उपर छलफल गर्दा रूपा गाउँपालिकाको प्रशासनिक भवनको इन्टेरीयर एवं ल्याण्डस्केपिङ सम्बन्धी कार्य (Package I: Preparation of Detail Engineer Report for Interior Design and Cost Estimation and Package II: Preparation of Detail Engineer Report for Landscape Design and Cost Estimation )का लागि DER तयार गर्न मिति २०८२/१०/०४ गते Tec Arch Engineering Construction Pvt. Ltd. सँग सम्झौता भएकोमा उक्त परामर्शदाताले पेस गरेको पहिलो प्याकेज अन्तर्गत Preparation of Detail Engineer Report for Interior Design and Cost Estimation प्रतिवेदन स्वीकृत गर्ने।साथै उक्त कार्य तोकिएको अवधिमा कार्यसम्पन्न गर्नुपर्नेमा मिति २०८३/०१/१४ गते परामर्शदाताले विविध कारण देखाइ म्याद थप गरिदिन निवेदन पेस गरेकाले २०८३ असार २५ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-१२।०७</u>**

प्रस्ताव नं २०८२/०८३-१२।०७ उपर छलफल गर्दा यस गाउँपालिकाको रूपा ६ स्थित फालभञ्ज्याङमा रहेको नवनिर्मित प्रशासकीय भवन निर्माण सम्पन्नको चरणमा रहेकाले हाल रूपा ६ भिरचोक (साविक वडा कार्यालयको भवन)बाट सेवा प्रवाह हुदै आएकोमा मिति २०८३/०१/२९ गतेदेखि शिक्षा, युवा तथा खेलकुद शाखा, पशु सेवा शाखा, कृषि विकास शाखा र स्वास्थ्य शाखाबाट प्रवाह हुने सेवा बाहेकका अन्य सम्पुर्ण शाखागत सेवा साविककै स्रोत र साधन स्थानान्तरण गरी नयाँ भवनबाट प्रबाह गर्नेगरी आवश्यक तयारी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने। साथै उक्त नवनिर्मित प्रशासकीय भवनको धार्मिक अनुष्ठान सहित औपचारिक उद्धाटन समारोह मिति २०८३/०१/३० गते तपसिल बमोजिम हुनेगरी उद्धाटन गर्ने र सो कार्यको लागि तपसिल बमोजिम सदस्यहरू रहनेगरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र स | शीर्षक | जिम्मेवार व्यक्ति | कैफियत |
|---|---|---|---|
| १ | कार्यक्रम सञ्चालन र व्यवस्थापन | लोकनाथ पौडेल | |

| | | | |
|---|---|---|---|
| | | जीवन शर्मा | |
| २ | सम्मानपत्र, सिलालेख | कृष्णराज सुवेदी<br>अभिनव गौतम<br>प्रह्लाद घर्ती | |
| ३ | अतिथि खाजा, खाना, फलफुल तथा मायाको चिनो (मह) | नारायण गुरूङ<br>शुशिल अर्याल<br>सुजन तिवारी<br>प्रकाश धानुक<br>बिमल सुवेदी | |
| ४ | खानेपानी, सरसफाइ, स्वयंसेवक परिचालन | राजन खनाल<br>सञ्जयदत्त ढकाल<br>अजित पौडेल<br>शर्मा साह<br>सुरेश गुरूङ | |
| ५ | बिजुली, नेट, पत्रचार, मायाको चिनो (आर्ट) | राजन सुवेदी<br>लक्ष्मण पगेनी<br>अमलेश कु कुशवाहा | |
| ६ | मञ्च व्यवस्थापन, साउण्ड सिस्टम. व्यानर, ध्वजापताका | दिपेन्द्र गौतम<br>अमरराज पगेनी<br>विरेन्द्र तिवारी<br>अशोक परियार<br>राजु पौडेल<br>समिति हमाल<br>इश्वरी सुवेदी | |
| ७ | झाँकी तथा यातायात व्यवस्थापन | राम बहादुर गोदार<br>गणेशभक्त त्रिपाठी<br>मोहन सापकोटा<br>सञ्जय ढूंगाना<br>ननुराम<br>फारूक दिन मियाँ<br>हेमराज शाही | |
| ८ | अतिथि सत्कार | हिता रूपाखेती<br>माइती चौधरी<br>गीता देवकोटा | |
| ९ | ब्राह्मण स्वागत, ब्राह्मण व्यवस्थापन, खाना तथा पूजास्थल व्यवस्थापन | वृहस्पती अधिकारी<br>यमुना ढकाल<br>सविता पौडेल | |

| | | | |
|---|---|---|---|
| | | गीता शर्मा | |
| १० | भजन, बाजा, सुरक्षा, पूजा सम्बद्ध स्थानीय बस्तुहरू | बाबुराम गैह्रे<br>डोइलबिर राना<br>चिरञ्जीबी ढुङ्गाना<br>शिव श्रेष्ठ | |
| ११ | उपस्थिति व्यवस्थापन | अमिन परियार<br>अर्जुन लामिछाने<br>प्रतिक्षा अधिकारी<br>सिम्रन त्रिपाठी<br>सोनिया सिलवाल<br>कल्पना खड्का<br>सरस्वती पंगेनी | |
| १२ | हेल्थ डेक्स | रामचन्द्र ओझा<br>एकेश ब थापा<br>लोकराज आचार्य | |
| १३ | झन्डात्तोलन | राम ब अधिकारी | |

क) उक्त दिनमा बिहान ६ बजेदेखि प्रत्येक वडाबाट १/१ जना गरी जम्मा ७ जना पुरोहित ,५ जना बटुक र मुख्य १ पण्डीत गरी जम्मा १३ जना पण्डितहरूलाई आमन्त्रण गरी धार्मिक अनुष्ठान, भवन पूजा, बास्तु पूजा, रूदाभिषेक कर्म ,अग्निस्थापना ,चण्डी पाठ ,बेद पाठ, ग्रह पूजा लगायतका धार्मिक कार्य सञ्चालन गर्ने।सोको लागी पूजा सामग्रीहरु खरिद गर्ने र पुरोहितहरूको पारिश्रमिक बापत देहायको रकम उपलब्ध गराउने ।

| क स | जिम्मेवारी | रकम (बढीमा) | कैफियत |
|---|---|---|---|
| १ | मुख्य पूरोहित (तयारी तथा अघिल्ला २ दिनको सहित) | ५५००/- | |
| २ | सहायक पुरोहित | ३५००/- | |
| ३ | अन्य पूरोहित | २५००/- | |

साथै उक्त धार्मिक अनुष्ठानका लागि आवश्यक पर्ने गोदान खर्च, स्थानीय आवश्यक सामग्रीहरू खरिद, पुरोहितलाई बरूणीबापतको रकम, कम्तिमा ५ जना कन्या पूजा, पूर्णपात्रो, पूजास्थल चढाउने लगायतका अन्य सम्बन्धित बिबिध कार्यहरूको लागि खुल्ला रकम सहित बढीमा एकमुष्ठ रकम रू १००००/- दश हजार खर्च गर्ने र सोको जिम्मेवारी प्रशासकीय अधिकृत लोकनाथ पौडेललाई प्रदान गर्ने निर्णय गरियो ।

ख) स्थानीय तह सदस्य निर्वाचन २०७९ मा निर्वाचित बहालवाला जनप्रतिनिधि तथा बिषयगत शाखा प्रमुखहरूको नामाबली सहित भवनको शिलान्यास र उद्घाटनको मिति सहित सिलालेख तयार गरी टाँस गर्ने।

ग) पूर्व निर्धारित मितिमा मौसम प्रतिकुल अवस्थामा रहने पुर्वानुमान रहेकाले उल्लिखित मितिमा बर्षा र हावाहुरी लाग्न सक्नेहुदाँ उक्त अवस्थालाई मध्येनजर गरी टेन्ट, स्टेज र म्युजिक सिस्टमको व्यवस्था गर्ने सो को लागि बढीमा रकम १ लाख (भ्याट बाहेक) रकम व्यवस्था गर्ने ।

घ) उक्त समारोहमा उपस्थित हुने पुरोहित, अतिथि, झाँकी प्रस्तुत गर्ने सहभागीहरू, लगायतका सम्पुर्ण व्यक्तिहरूका लागि प्रसाद र खाजा स्वरूप खिर, तरकारी र अचारको व्यवस्था गर्ने। सो कार्यका लागि अधिकतम २ लाख खर्च गर्ने निर्णय गरियो ।

ङ) उक्त कार्यक्रममा रूपा गाउँपालिकामा रहेका बिभिन्न जातीहरूको पहिचान झल्कने झाँकी प्रस्तुत गर्नका लागि तपसिल बमोजिमको सङ्ख्या र रकम व्यवस्था गर्ने ।

तपसिलः

| क स | वडा नं | सहभागी समूह तथा पहिचान | प्रदान गरिने यातायात रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १ (मगर समुदायको झाँकी) | ९०००/- | |
| २ | २ | १ (गुरूङ समाजको झाँकी) | ९०००/- | |
| ३ | ३ | १ (कुमाल समाज झाँकी) | ९०००/- | |
| ४ | ४ | १ (ठकुरी समाज झाँकी) | ९०००/- | |
| ५ | ५ | २ (लाखे नाच र पञ्चेबाजा समुह) | ९०००/- र १००००/- | |
| ६ | ६ | १ (मुस्लिम र गुरूङ झाँकी) | ९०००/- र ९०००/- | |
| ७ | ७ | १ (बाजा समूह र भजन समूह) | १००००/- र १००००/- | |
| ८ | - | बेलुकाको भजनका लागी MRR समूह | १००००/- | |
| ९ | - | बेलुकाको फेदी भजन समूह | ५०००/- | |

च) सो कार्यक्रम तथा नवनिर्मित भवनमा आवश्यक सामग्रीहरू स्थानान्तरण लगायतका अन्य व्यवस्थापन सम्बन्धी कार्य गर्न खटाइने स्वयमंसेवकका लागि दैनिक रू ८५५/-प्रदान गर्ने।

छ) रूपा गाउँपालिका कास्कीको नवनिर्मित प्रशासकीय भवन निर्माण सम्पन्नको चरणमा रहेको र उक्त भवनबाट सेवा प्रवाह सुचारू गर्नका लागि हाल सञ्चालनमा रहेको भवनबाट सामग्रीहरू स्थानान्तरण गर्नुपर्ने भएकाले सामग्री स्थानान्तरण तथा नव प्रशासकीय भवन उद्घाटनका चरणमा खटिने कर्मचारी तथा स्वयंसेवकहरूलाई सो खटिएका दिनहरूको खाजा, खाना कार्यालयको तर्फबाट व्यवस्था गर्ने ।

ज) साविकका गाउँ विकास समितिको पहिचान झल्कनेगरी नवनिर्मित भवनको ३ तलाहरू, बैठक कोठा र सभाहलाई साविककै गाउँ विकास समितिको नामबाट नामाकरण गर्ने र सोको लागि लक्कीड्र गरी तपसिल बमोजिमको नामाकरण गरियो।

तपसिलः

| क्र स | तला/हल | नामाकरण गरिने साविक गाविस | कैफियत |
|---|---|---|---|
| १ | ग्राउण्ड फ्लवर | सिद्ध | |
| २ | पहिलो तला | रूपाकोट | |
| ३ | दोस्रो तला | देउराली | |
| ४ | सभाहल | थुम्की | |
| ५ | बैठक हल | हंसपुर | |

**कार्यपालिका निर्णय नं २०८२/०८३-१२।०८**

प्रस्ताव नं २०८२/०८३-१२।०८ उपर छलफल गर्दा रूपा गाउँपालिकामा भए गरेका सेवा प्रवाह, विकास निर्माण लगायतका बिषयहरूमा सुनुवाइ हुनेगरी तपसिलको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिलः

मितिः २०८३-०१-२५

समयः बिहान ११ बजे

स्थानः रूपा ७ कास्की

**कार्यपालिका निर्णय नं २०८२/०८३-१२।०९**

प्रस्ताव नं २०८२/०८३-१२।०९ उपर छलफल गर्दा मिति २०८२/०५/२४ गतेको जेन्जी प्रदर्शनीका क्रममा यस कार्यालयको नाउँमा रहेका तपसिलका सवारी साधनहरू जलेर पुर्ण रूपमा नष्ट भएको ।सो सम्बन्धमा इलाका प्रहरी कार्यालय लेखनाथको घटनास्थल मुचुल्का र कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको मिनाहा सिफारिस समितिको मिति २०८२/०८/१४ को बैठकबाट उक्त सवारी साधनहरू मिनाहाको लागि सिफारिस भइ आएको।सो सम्बन्धमा जिन्सी निरीक्षण समितिको मिति २०८२/०९/२२ को निरीक्षण प्रतिवेदनका आधारमा रूपा गाउँपालिका कास्कीको आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन ,२०८२ को दफा ४१ को उपदफा २ बमोजिमको सिफारिस समितिले मिनाहाको लागि सिफारिस गरी मिति २०८२ पौष २५ को गाउँसभाको निर्णयानुसार मिनाहा भएको । उल्लिखित दुइ सबारी साधनमध्ये ग १ झ ३१९ नं को सवारी साधन दर्ता खारेजी भइसकेको तर बा १ झ ५८६८ को सबारी साधनको यातायात व्यवस्था कार्यालय पोखराबाट अनलाइन मार्फत नियमित नवीकरण भएकोमा यातायात व्यवस्था कार्यालय एकान्तकूनाबाट सवारी साधन दर्ता खारेजी गर्नका लागि बुढौली कर (२० बर्षभन्दा बढी उमेरको सवारी साधनको हकमा) समेत तिर्नुपर्ने देखिएकाले सो बापत लाग्ने दस्तुर तिरी दर्ता खारेजी गर्ने निर्णय गरियो ।

रूपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८२/०८३-१२।१०**

प्रस्ताव नं २०८२/०८३-१२।१० उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको मिति २०८३ बैशाख १० गतेको विपद् व्यवस्थापन समितिको बैठकका निर्णयहरू अनुमोदन गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१२।११**

प्रस्ताव नं २०८२/०८३-१२।११ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रूपा गाउँपालिका वडा नं ३ निवासी धर्मलाल कुमाल (ना.प.न. ४६-०२-७३-०१३१५) विगत लामो समयदेखि पित्तथैलीको कार्सिनोमा हुने मेटास्टेटिक रोगबाट पिडीत भइ उपचार गराइरहेको र निजको र निजको आर्थिक अवस्था कमजोर भएकाले आर्थिक सहायताका लागि आवश्यक कागजातहरु सहित निवेदन पेश गरेकाले निजलाई विल भरपाई लगायत आवश्यक कागजातहरुको आधारमा रकम रू ५० हजार नबढ्नेगरी आर्थिक सहायता खर्च शीर्षकबाट खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो ।

ख) रुपा गाउँपालिका कास्कीभित्र स्थायी बसोबास गर्ने विभिन्न वडाका नागरिकहरु बिरामी भई उपचारत रहेको र निजहरूको आर्थिक अवस्था कमजोर भई आर्थिक सहायतका लागि आवश्यक कागजातहरु सहित निवेदन पेस गरेकाले निजहरूलाई विल, भरपाईका आधारमा थप उपचारका लागि तपसिल बमोजिमको रकम आर्थिक सहायता खर्च शीर्षकबाट खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | नाम थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बाबुराम परियार | रुपा ६ कास्की | २००००।- | |
| २ | हुमनाथ सुवेदी | रुपा २ कास्की | २५०००।- | |
| ३ | सुजना अधिकारी | रुपा २ कास्की | २००००।- | |
| ४ | कृष्ण कुमार श्रेष्ठ | रुपा ७ कास्की | २५०००।- | |
| ५ | कल्पना गुरुङ | रुपा ४ कास्की | २५०००।- | |

ग) रुपा गाउँपालिकाका बासिन्दाको उल्लेख्य बसोबास रहेको र सामाजिक कार्यका लागि प्रयोग हुदै आइरहेको पोखरा महानगरपालिका वडा नं ३२ राजाकोचौतारास्थित श्री प्रगतिशिल ब्राह्मण एकता समाज भवन निर्माणको लागि रूपा गाउँसभाको १९ औं अधिवेशनबाट विनियोजित बजेट रू ४ लाख कार्यान्वयका लागि पोखरा महानगरपालिका ३२ नं वडा कार्यालयसँग समन्वय भइ सोही वडा कार्यालयबाट कन्टिन्जेन्सी लगायतका बिषयसहितको लागत अनुमान, प्राविधिक सुपरीवेक्षण तथा मुल्याङ्कन प्रतिवेदन र अनुगमन पश्चात कार्यसम्पन्न भएकोमा सोही मुल्याङ्कनका आधारमा भुक्तानी दिने निर्णय गरियो।

घ) रुपा गाउँपालिकामा समेत कार्यक्षेत्र रहेको र रूपा गाउँपालिकाका उद्योगी व्यवसायीहरूको हकहितको लागि कार्य गर्दै आइरहेको लेखनाथ हार्डवेयर एसोसियसन पोखरा-२९ भण्डारडिकस्थित भवन निर्माणको लागि लेखनाथ हार्डवेयर एसोसियसन भवन निर्माण शीर्षकमा रूपा गाउँसभाको १९ औं अधिवेशनबाट विनियोजित बजेट रू २ लाख कार्यान्वयका लागि पोखरा महानगरपालिका २९ नं वडा कार्यालयसँग समन्वय गरी सोही वडा कार्यालयबाट कन्टिन्जेन्सी लगायतका बिषयसहितको लागत अनुमान, प्राविधिक सुपरीवेक्षण तथा मुल्याङ्कन प्रतिवेदन र अनुगमन सहितको कार्यसम्पन्न पश्चातका कागजातका आधारमा भुक्तानी हुनेगरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

ङ) रूपा गाउँपालिका वडा नं ६ स्थित अजितमाला कुलो पहिरोका कारण भत्किएर उक्त क्षेत्रको खेतीयोग्य जमिनमा सिँचाइको समस्या भइ खेतिपाती गर्न नसक्ने अवस्था देखिएकाले प्राविधिक लागत अनुमानका आधारमा कार्यपालिकाको निर्णयबाट हुने पुँजीगत खर्च शीर्षकबाट खर्च लेख्नेगरी उक्त योजनालाई बढीमा ५० हजार व्यवस्थापन गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

च) रूपा गाउँपालिका २ नं वडा कार्यालयको नयाँ प्रशासकीय भवन निर्माण भइ सेवा प्रवाह नव निर्मित भवनबाट सञ्चालनमा रहेकोमा उक्त भवनमा सेवाग्राही आउजाउ गर्न अफ्ठ्यारो भएकाले सो स्थानमा फलामको रेलिङ सहितको भऱ्याङ निर्माण गर्न बढीमा २ लाख ५० हजार कार्यपालिकाको निर्णयबाट हुने पुँजीगत खर्च शीर्षकमा खर्च लेख्नेगरी बजेट व्यवस्थापन गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

छ) आर्थिक वर्ष २०८२।०८३ को लागि विनियोजित समावेशी बजेट कार्यान्वयनका लागि मिति २०८२।०९।२४ को रूपा गाउँपालिका सामाजिक समावेशीकरण समन्वय समितिद्वारा स्वीकृत नामावलीका आधारमा पाँचलाखसम्मको योजना तथा कार्यक्रम सम्झौता गर्न वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

ज) रूपा गाउँपालिका वडा नं ४ निवासी राजेन्द्र मल्लको श्रीमती मिनु मल्ल शारीरिक अपाङ्ग भएको र निजको परिवारका सदस्यहरू समेत मानसिक रोगले पिडित भएको तथा निजको पारिवारिक अवस्था दयानीय देखिएकाले निजको शौचालय निर्माणका लागि आवश्यक बजेट ब्यवस्थापन गर्न वडाको सिफारिस सहित अनुरोध भएकाले निजको शौचालय निर्माणका लागि कार्यपालिकाको निर्णयबाट हुने पुँजीगत खर्च शीर्षकबाट खर्च लेख्नेगरी बढीमा ५० हजार बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

झ) रुपा गाउँपालिका कास्कीको ठेक्का नं 1 / RUPA/ NCB/ WORKS/2082/2083, Upgrading of Ramche Bhuwani Thatithar Thumka Sadak Yojana Ward No 3 and 4 रूपा गाउँ कार्यपालिकाको कार्यालय कास्की र निर्माण व्यवसायी सानुभाइ निर्माण सेवा बिच मिति २०८२।०८।०२ मा सम्झौता भइ कार्यसञ्चालन भएकोमा तोकिएको अवधिभित्र कार्यसम्पन्न नभइ सो सन्दर्भमा निर्माण व्यवसायीले मध्यपुर्व क्षेत्रमा चर्किरहेको युद्धका कारण नेपालमा निर्माणजन्य सामग्रीहरूको अभाव, ढुवानीमा समस्या, निरन्तर अविरल वर्षा लगायतका कारण देखाइ तोकिएको समयमा कार्यसम्पन्न गर्न नसिकिने भनि मिति २०८३/०१/०६ मा म्याद थपको निवेदन पेस गरेको र हाल उक्त सडक स्तरोन्नतीको क्रममा रहेको पाइएकाले

गाउँपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०८३ असार २० सम्म म्याद थप गर्ने निर्णय गरियो ।

मिति २०८३ बैशाख १६ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(लोकनाथ पौडेल)
नि. प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

रुपा गाउँपालिका कास्की